२५. लेखा अधिकृत – केशव हुमागाईं

२६. प्रशासकिय अधिकृत – दामोदर अधिकारी

२७. सूचना प्रविधि अधिकृत – सुरेश चौधरी

२८. ह.स.चा. – तोयानाथ अधिकारी

२९. ह.स.चा. – भिष्म चौधरी

३०. नगर प्रहरी – कमल प्रसाद ढुंगेल

३१. कार्यालय सहयोगी – सन्तोष अर्याल

३२ क.अ. प्रेम के. सिन्केवाल

**प्रस्तावहरु:**

१. वार्षिक समिक्षा सम्बन्धमा

२. DPR सम्बन्धमा

३. का.स.मु. सम्बन्धमा

४. विविध

**निर्णय नं. १:**

आ.व. ०७७/०७८ को वार्षिक समिक्षा सम्बन्धमा हाल कोरोनाको संक्रमण वृद्धिदर बढ्दै गएको र जिल्ला प्रशासन कार्यालय भरतपुर, चितवनले निषेधाज्ञा लगाई सभा समारोह नगर्नु भन्ने सार्वजनिक सूचना समेत जारी गरेकोले समिक्षाको सम्बन्धमा आगामी बैठकमा छलफल गरि तय गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

मिति २०७८ असार १६ र १७ गतेको अविरल वर्षाका कारण यस नगरपालिका अन्तर्गत लदरा खोलामा आएको बाढीले लदरा पुल भत्काएकोले उक्त ठाउमा नयाँ पुल निर्माण गर्नु पुर्व डी.पि.आर. गर्नु पर्ने हुदा उक्त ठाउमा तत्काल डी.पि.आर. गर्ने प्रकृया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. ३:

यस नगरपालिकामा लोक सेवा आयोग बाट सिफारिस भई स्थायी नियुक्ति भएका यस कार्यालयमा कार्यरत कर्मचारीहरुको संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंह दरबार काठमाडौं (आन्तरिक व्यवस्थापन शाखा) को पत्रानुसार प्राप्त का.स.मु. ढाचा स्वीकृत गरि सोहि ढाचामा समायोजना भई आएका कर्मचारीहरुको का.स.मु. भर्न लगाई सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ४:

यस नगरपालिका अन्तर्गत वडा नं. १२ कुमरोजमा रहेको मुस्कान महिला बचत तथा ऋण सहकारी संस्था लि. र साना किसान कृषि सहकारी संस्था लि. को विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट लेखि आएको उजुरी सम्बन्धमा समिक्षा गरि नियमानुसार प्रकृयामा लैजाने निर्णय गरियो ।

निर्णय नं. ५:

यस नगरपालिका अन्तर्गत आ.व. ०७८/०७९ मा यस नगर भित्रको फोहोर उठाउने सम्बन्धित टेन्डर सूचना प्रकाशित गरि मुल्यांकन गर्दा ठेक्का जय गढ़िमाई निर्माण कन्स्ट्रक्सन रासि लाई परेकोमा मिति २०७८/०४/२६ गते निजले उक्त कार्य गर्न नसक्ने भनि निवेदन पेश गरेकोले यस कार्यपालिकाको बैठकले उक्त फर्मको बैंक ग्यारेन्टी जफत गरि अन्य कारवाही प्रकृया अगाडी बढाउने र दोस्रो स्थानमा रहेको निर्माण व्यवसायीलाई सम्झौताको लागि बोलाउने निर्णय गरियो ।

निर्णय नं. ६:

खानेपानी तथा ढल व्यवस्थापन आयोजना पानी पोखरी, काठमाडौंलाई यस खैरहनी नगरपालिकालाई एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना माग गर्ने भनि मिति २०७८/०४/३२ गते बसेको कार्यपालिकाको बैठकले निर्णय गरे बमोजिम एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजनामा यस खैरहनी नगरपालिकालाई समावेश गरिदिने कार्यको लागि अनुरोध गरि पठाउने निर्णय गरियो ।